'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ९६ | सोमवार १७ मंसिर, २०८१ | 02 (Monday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

स्थानीय तह उपनिर्वाचन

## शान्तिपूर्ण रुपमा ६२ प्रतिशत मतदान : निर्वाचन आयोग

नमस्ते समचारदाता
काठमाडौं, मंसिर/१६



रिक्त ४१ स्थानमा शनिबार भएको उपनिर्वाचनमा करिब ६२ प्रतिशत मतदान भएको निर्वाचन आयोगले जनाएको । आयोगले आइतबार साँझ विज्ञप्ति जारी गर्दै मतदान कार्य शान्तिपूर्ण र उत्साहजनकरूपमा सम्पन्न भएको जानकारी गराएको छ । उपनिर्वाचन भएका स्थानीय तह तथा वडाको अन्तिम मतदाता नामावलीमा २ लाख २६ हजार ७९९ मतदाता रहेको आयोगले जनाएको छ। उपनिर्वाचनमा २५ वटा राजनीतिक दल दर्ता भएकोमा २० वटा राजनीतिक दलको तर्फबाट उम्मेदवारी परेको थियो । उपनिर्वाचनमा र ाजनीतिक दलका २७४ जना र स्वतन्त्र १०२ जना गरी जम्मा ३७६ जना उम्मेदवार थिए ।स्थानीय तहका रिक्त रहेका विभिन्न ४१ पदका लागि भएको आइतबार सम्पन्न भएको उपनिर्वाचनको मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ। आइतबार बिहान ७ बजेबाट सुरु भएको मतदान साँझ ५ बजे सकिएको हो । मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको निर्वाचन आयोगले सार्वजनिक गरेको छ । उपनिर्वाचनमा नगरपालिका प्रमुख एक, उपप्रमुख एक, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार र वडाध्यक्ष ३३ गरी ४१ पदका लागि मतदान भएको थियो । आइतबार सम्पन्न भएको मतदानमा रुकुमपश्चिमको सानीभेरी गाउँपालिका(५को वडा अध्यक्ष पदका लागि भएको उपनिर्वाचनमा करिब ८० प्रतिशत मत खसेको छ । निर्वाचन अधिकृतको कार्यालयले आइतबार ५ बजेसम्म ७९.९२ प्रतिशत मत खसेको जानकारी गर ाएको हो । सहायक निर्वाचन अधिकृत गोविन्दप्रसाद कोइरालाका अनुसार १ हजार ४ सय ३४ जना मतदाता मध्ये १ हजार १ सय ४६ जनाको मत खसेको हो। ६०६ जना महिला र ५०४ जना पुरुषले मतदान गरेको कोईरालाले जानकारी दिए। कोइर ालाका अनुसार मतपेटिका संकलनको काम सकिएपछि मत गणनाको काम सुरु हुनेछ। नेपाल राष्ट्रिय माध्यमिक विद्यालय घापागारमा रहेको मतदानस्थलमा दुई केन्द्र बनाएर मतदान भएको थियो। मतदान केन्द्र (क) मा ७ सय र केन्द्र (ख) मा ७ सय ३४ मतदाता गरेर यहाँ जम्मा १ हजार ४ सय ३४ जना मतदाता रहेका थिए। मतदाता मध्ये ७ सय ४४ पुरुष र ६ सय ९० महिला रहेका छन्। उक्त वडामा रिक्त वडाध्यक्ष पदका लागि दुई जना उम्मेदवार बिच प्रतिस्पर्धा रहेको छ। नेपाली कांग्रेसको तर्फबाट मोतिराम खत्री र नेकपा (माओवादी केन्द्र) का तर्फबाट जसीराम बस्नेत वडा अध्यक्षका उम्मेदवार रहेका छन्।

## पुल निर्माणको क्रममा ५ जनाको मृत्यु



नमस्ते समचारदाता
रोल्पा, मंसिर/१६

रोल्पामा झोलुंगे पुल निर्माणको क्रममा माटोको ढिस्कोले पुरिएका पाँच जनाका मृत्यु भएको छ । ढिस्कोले पुरिएका ५ जनाको शव निकालिएको छ। रोल्पा सुनछहर ी गाँउपालिका.(३ बाहिरि गाम भन्ने स्थानमा मौलावाङ र बाहिरी गाम जोड्न झोलुङ्गे पुल निर्माणका लागि खाल्डो खनेर पर्खाल लगाउने काम चलिरहेको थियो। त्यस क्रममा माथिबाट माटोको ढिस्को भत्किएर पुरिँदा पाँच जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रमुख डिएसपी भरत लामाले जानकारी गराएका हुन । घटनामा परेर सुनछहरी गाउँपालिका-.३ बाहिरी गाम बस्ने वर्ष ४५ को दुजमन परियार, सोही ठाउँ निवासी वर्ष ३१ को ओम परियार, वर्ष ४० की सुबित्रा परियार, वर्ष २७ की आईती परियार र सोही वडाको बहिरी गाम बस्ने वर्ष ६६ को देवीराम परियारको मृत्यु भएको प्रहरी कार्यालयले जनाएको छ । चार जनाको पहिलो चरणमा र एक जनाको दोस्रो चरणमा शव निकालिएको थियो । प्रहरी र स्थानीयको सहयोगमा पहिरो हटाएर शिव निकालिएको बताइएको छ। पहिरोले पुरिएको खबर पाएपछी प्रहरी सहायक निरीक्षक प्रकाश बिष्टको कमाण्डमा पाँच जनाको टोली उद्धारमा खटिएको थियो । एल.बि.एण्ड पल्लभी जक्सन जेभी निर्माण सेवा अन्तर्गत उक्त स्थानमा ७ जनाले काम गर्दै थिए। त्यसमध्ये दुई जनाले भागेर ज्यान बचाउन सफल भएका छन्। उनीहरुको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवहान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## जुम्लामा लोपोन्मुख रेड पान्डाको संरक्षण गरिँदै

नमस्ते समचारदाता
जुम्ला, मंसिर/१६



लोपोन्मुख अवस्थामा रहेको हाब्रे (रेड पान्डा) संरक्षण गर्न जुम्लामा विभिन्न कार्यक्रम सुरु गरिएको छरु। जुम्लाका केही सम्भावित स्थानमा साझेदार निकाय मार्फत संरक्षणका कार्यक्रम थालिएको होरु। जिल्ला समन्वय समिति, जिल्ला वन कार्यालय, पशु अस्पताल तथा पशु सेवा कार्यालय र स्थानीय साझेदार संस्थाका पहलमा जुम्लामा रेड पान्डा संरक्षणको पहल भइरहेको छरु। जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यले गैरसरकारी निकाय हातेमालो नेपालले जिल्लामा लोपोन्मुख रेडपाण्डाका संरक्षण गर्न तदारुकता देखाएकाले यस कार्यमा सबैले सघाउनुपर्ने बताएरु। उनले लोपोन्मुख रेड पान्डाको संरक्षण मात्र नभई यस क्षेत्रमा काम गर्दा वनजङ्गल संरक्षणमा ध्यान दिन आवश्यक रहेको उल्लेख गरेरु। उनले रेड पान्डा संरक्षण अभियानका लागि सबै लाग्नुपर्ने र आगामी काममा समेत जिल्ला समन्वय समितिले समन्वय, सहकार्य गर्ने प्रतिबद्धतासमेत जनाएरु। यसै गरी जुम्लामा रेड पान्डाको वासस्थान पहिचानदेखि संरक्षण, स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि काम गरिरहेको गैरसकारी संस्था कर्णाली विकास हातेमालो सेवा समाज र रेड पान्डा नेटवर्क नेपालले काम गरिरहेको छरु। संस्थाले चार वर्षदेखि जुम्लामा खोजी, अनुसन्धान तथा सम्भावित क्षेत्रमा संरक्षणका कार्यक्रम गर्दै आएको छरु। जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यको अध्यक्षतामा बसेको जिल्ला परियोजना सल्लाहकार समितिको बैठकमा जुम्लामा भइर हेको काम, संरक्षणको सवाल, समस्या र चुनौतीका विषयमा जानकारी दिएको छरु। कर्णाली विकास हातेमालो सेवा समाज नेपाल जुम्लाका कार्यकारी निर्देशक टेकबहादुर रावतले जुम्लामा रेड पान्डा संरक्षण विषयमा तातोपानी गाउँपालिका(४ र ८, सिँजा गाउँपालिका(२ र पातारासी गाउँपालिका(२ मा काम भइरहेको जानकारी गराएरु। कर्णाली विकास हातेमालो सेवा समाज नेपाल जुम्लाका अनुसन्धान अधिकृत शर्मिला श्रेष्ठका अनुसार त्यस क्षेत्रमा अनुसन्धान, अनुगमन, शिक्षा तथा सचेतनामा पहुँच, आवास व्यवस्थापन, दिगो जीविकोपार्जन, क्षमता अभिवृद्धिका क्रियाकलाप भइरहेको छरु। उनले यी वडाका पाँच वटा वनमा अनुगमन गर्दा ६६ स्थानमा रेड पान्डाको दिसापिसाब देखिएको बताइनरु। माध्यमिक विद्यालय चुलेलगाउँमा विद्यार्थीलाई वातावरण संरक्षण विषयमा पढाइ, तीन वटा पालिकामा रेड पान्डा संरक्षण समिति गठन, सिद्धिविनायक वनमा रेड पान्डा खोजीका लागि नयाँ ब्लग स्थापना, तिला गाउँपालिका(९, महादेव ढुस्का सामुदायिक वनमा खोजी कार्य तथा नियमित अनुगमन गर्दै आएको छरु। डिभिजन वन कार्यालय जुम्लाका वन अधिकृत प्रकाश देवकोटाले रेड पान्डा संरक्षण गर्ने स्थानमा बिरुवा रोप्ने काममा जिल्ला वन कार्यालयसँग समन्वय गरेमा आवश्यक सहयोग गर्ने बताएरु। उनले वनसम्पदा बचाउने कार्यक्रम समेत भएकाले नाङ्गा डाँडाकाँडामा बिरुवा रोप्ने काममा प्राथमिकता दिनुपर्ने सुझाव दिएरु। जुम्लामा हिमपातका समयमा छिटपुट रेड पान्डा देखिने गरेको बताइन्छरु। केही वर्ष अगाडि सदरमुकाम खलङ्गासँगै जोडिएको चन्दननाथ(१, तलिचौरमा स्थानीय युवाले रेड पान्डा भेटाएका थिएरु। गत वर्षको माघ पहिलो हप्ता परेको भारी हिमपातका कारण बस्न र खान समस्या भएपछि रेड पान्डा गाउँ झरेको हुन सक्ने जिल्ला वन कार्यालयले जनाएको छरु।

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता ।
- नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## एनपिएल नेपाली क्रिकेट इतिहासमै ठूलो महोत्सव हो

नेपाली क्रिकेट इतिहासकै महोत्सवको रुपमा यही शनिबारदेखि नेपाल प्रिमियर लिग (एनपिएल) शुरु भएको छ। दशौं हजार दर्शकमाझ शुरु भएको एनपिएलको उत्साह हेर्दा नेपालमा साँच्चिकै क्रिकेटको क्रेज बढ्दै गएछ भन्ने सहजै अनुमान लगाउन सकिन्छ । यति उत्साहपूर्ण रुपमा अन्तर्राष्ट्रियस्तरको खेल शुरुवात भएपछि उपयुक्त खेल मैदानको अभाव नेपालले झेल्नुपरिरहेको ठूलो समस्या हो, जो यसपटक पनि देखापरेको छ। सीमित पूर्वाधारबीच आयोजना गरिएको एनपिएल सरोकारवाला निकायलाई खबरदारी गर्ने एक माध्यम पनि बन्न सफल भएको छ। खेलले खेलाडीलाई मात्रै उत्साहित गर्दैन, दर्शक, निजी क्षेत्र र कला क्षेत्रलाई पनि जोड्ने गर्दछ। मुलुक आर्थिकरुपमा राम्रोसँग तंग्रिएको छैन तर यो खेल आयोजना गर्न मात्रै एक अर्ब खर्च हुँदैछ भन्ने सन्देश सामान्य होइन। यसमा धेरै क्लबहरुले भाग लिएका छन् । सुदूरपश्चिमबाट सुदूरपश्चिम रोयल्स, कर्णालीबाट कर्णाली याक्स, लुम्बिनीबाट लुम्बिनी लायन्स, गण्डकीबाट पोखरा एभेन्जर्स, बागमतीबाट काठमाडौं गुर्खाज र चितवन राइनोज, मधेशबाट जनकपुर बोल्ट र कोशीबाट विराटनगर किंग्सले प्रतिनिधित्व गरेका छन् । प्रादेशिक प्रतिनिधित्वसहितको एनपिएलमा राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय खेलाडी पनि सहभागी छन्। यो खेलमा ४० जना बिदेशी खेलाडी सहभागी छन्। यसमा भारतबाट टेस्ट, एकदिवसीय र टी(२० आई खेलेका भारतीय खेलाडी, भारतलाई एसिया कप एवं आइपिएलको उपाधि जिताएका अष्ट्रेलीयाका चर्चित खेलाडी, पाकिस्तानलाई विश्वकप जिताएका खेलाडी नेपालका विभिन्न क्लबमा अनुबन्ध भएर खेल्न आएका छन्। यो नेपाली क्रिकेट क्षेत्रको विकासमा एक नयाँ अध्याय नै हो। नेपालका स्थापित खेलाडी विश्वका विभिन्न क्लबमा अनुबन्ध भएर खेल्ने गरेको नयाँ होइन तर नेपालकै क्लबहरुले पनि विश्वका चर्चित खेलाडी अनुबन्ध गर्नसक्नु एनपिएलको अर्को सफलता हो। पछिल्ला वर्षहरुमा नेपालको क्रिकेट क्षेत्रले अभूतपूर्व सफलता हात पारिरहेको छ। नेपाललाई शानदारढंगले विश्वकपमा चिनाउने खेल पनि क्रिकेट नै बनेको छ । देशभित्र हुने यस्ता प्रतियोगिताले खेलाडीलाई थप उत्प्रेरित गर्ने र खेल पूर्वाधारको विकासका लागि राज्यलाई खबरदारी गर्ने भएकाले पनि एनपिएल नेपाली खेल क्षेत्रका लागि महत्वपूर्ण छ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीनन्दा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा

# के हो नीति प्रयोगशाला ?



**राजन भट्टराई**

हरेक राज्यमा राजनीतिक प्रणाली, शासन शैली र विकासका प्राथमिकताहरू सरकारी नीतिबाट नै प्रतिविम्बित हुन्छ। सरकारले के गर्छ र त्यस्तो काम कुन नीतिबाट कसरी निर्देशित हुन्छ भन्ने अन्तरवस्तुसँग सार्वजनिक नीतिको सार लुकेको हुन्छ । सरकारको निर्णय, प्रतिबद्धता र कामको संयोजन नै सरकारी नीति हो। समग्रमा नीति, संविधान, ऐन, कानुन, कार्यविधि, लगायत दस्तावेजहरू नै राज्यका नीति हुन् । प्रधानमन्त्री जंगबहादुर राणा बेलायतको भ्रमणबाट फर्केपछि १९१० सालमा मुलुकी ऐन जारी गरे। त्यो नै आधुनिक नेपालमा पहिलो लिपिबद्ध ऐन हो। त्यो ऐन नै एउटा नीति थियो। त्यसै बेलादेखि नीतिहरू बन्न थालेको देखिन्छ । नेपाल सरकारको २०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नम्बर ३० मा 'सार्वजनिक नीतिलाई तथ्य र प्रमाणमा आधारित बनाउने, अध्ययन अनुसन्धान सम्बन्धी राष्ट्रिय नीति मापदण्ड र आचार संहिता तयार गर्ने, नीति निर्माणमा रहेका संस्थागत दोहोरोपन हटाइ संलग्न निकायको क्षमता बढाउने, सार्वजनिक क्षेत्रमा भएका अध्ययन अनुसन्धानका प्रतिवेदन तथा नतिजा एकीकृत रूपमा भण्डारण तथा उपयोग गर्ने व्यवस्था मिलाउने, सबै प्रकारका अध्ययन अनुसन्धान तथा नवप्रवर्तनको परीक्षण र स्वीकार्यताको मापदण्ड तयार गर्ने' भनिएको छ । यो नयाँ सोच होइन तर बुँदा नम्बर ३० मा उल्लेख गरिए जसरी संस्थागत भएको देखिँदैन । विभिन्न मुलुकको अभ्यास हेर्दा नीति विकास, समस्या समाधान र परीक्षणका लागि 'पोलिसी ल्याब' (नीति प्रयोगशाला) स्थापना र उपयोग भएको देखिन्छ। नीति प्रयोगशालामा अन्तरविषय अनुसन्धान, नवप्रवर्तन, प्रमाणमा आधारित नीति, डेटा विश्लेषण र सामाजिक विज्ञान विधिहरू संयोजन गरिन्छन् । यस्ता संस्था भएपछि नीति चक्रको अनुसन्धान, प्रयोग र परीक्षण एकै थलोमा हुन्छ। यस्तो संस्थाले सार्वजनिक नीति विकास, नीति परीक्षण र परिष्कार गर्छ, नागरिक केन्द्रित नयाँ दृष्टिकोण विकास गर्छ। सरकारी अधिकारी, अनुसन्धानकर्ता, सरोकारवाला संघसंस्था, नागरिक र निजी क्षेत्रका विशेषज्ञ सबै एउटै थलोमा बसेर तथ्य प्रमाणमा आधारित नीति बनाउँछन्। विश्वमा सरकारी क्षेत्र, अन्तर्राष्ट्रिय संस्था र शैक्षिक संस्थामा नीति प्रयोगशालाको प्रयोग बढ्दो क्रममा छ। नीति प्रयोगशालाले नवीनतम सोचका साथ सरोकारवालाको संलग्नतामा अत्याधुनिक अनुसन्धान विधिबाट प्रभावकारी नीति बनाउँछ । नीति प्रयोगशालाले सार्वजनिक नीति चुस्त, उत्तरदायी र समावेशी बनाउन सरकारलाई मद्दत गर्छ। यस्ता नीति प्रयोगशाला खुला नीति विश्वविद्यालयका रूपमा पनि स्थापित भएका छन्। नीति प्रयोगशालामा व्यवस्थित वातावरणमा नीति परीक्षण गरिन्छ र जोखिम घटाइन्छ। विश्वव्यापी रूपमा हेर्दा विकसित, विकासशील, विकासोन्मुख र कतिपय अविकसित मुलुकले नीति प्रयोगशाला स्थापना गरेको पाइन्छ। रामराज्य मानिने मुलुक डेनमार्कले माइन्ड ल्याबमा नीति परीक्षण गराउने गरेको छ। डेनमार्कको माइन्ड ल्याब नै विश्वको पहिलो व्यवस्थित नीति प्रयोगशाला मानिन्छ । डेनमार्कले नागरिकको साथ लिएर शिक्षा र स्वास्थ्य नीतिमा ठूलो सुधार गरेको छ। नागरिकको घरदैलोमा शिक्षक र डाक्टर पुग्छन्। नीति विकासमा नागरिक, व्यवसायी र सरकारी अधिकारीहरू एकसाथ काम गर्छन्।अमेरिकामा सरकारसँगको सहकार्यमा न्यूयोर्क विश्वविद्यालयको गभर्नेन्स ल्याबले सार्वजनिक निर्णय प्रक्रियामा मद्दत गर्छ। नयाँ एप र प्रविधिले कर, बिल, ट्रान्सक्रिप्ट लगायत सेवा हातहातमा पुऱ्याएको छ । बेलायतले नीति डिजाइन र डेटा विज्ञान नीति निर्माण एकीकृत गर्न पोलिसी ल्याब (नीति प्रयोगशाला) स्थापना गरेको छ। यो प्रयोगशालाले सार्वजनिक नीतिभित्र नागरिकको व्यवहार विज्ञानअनुसार नीति परिष्कार गर्ने विधि तय गरेको छ। नीतिमा सामाजिक व्यवहारको प्रभाव परीक्षण गरेर सार्वजनिक सेवा सुधारमा सरकारलाई सहयोग गर्छ । भारतमा सरकारी निकाय, अनुसन्धान संस्था, गैर सरकारी संस्था र अन्तर्राष्ट्रिय संस्थाहरू एक ठाउँमा बसेर एउटै नीतिगत प्लेटफर्ममा काम गर्छन्। नीतिहरू छरिएका छैनन्, एकीकृत छन्। भारतको नीति आयोग अन्तर्गत विकास अनुगमन र मूल्यांकन कार्यालयले विभिन्न सरकारी योजना र नीतिको अनुगमन र मूल्यांकन गरी रचनात्मक सिफारिस गर्छ। चेन्नईको वित्तीय व्यवस्थापन र अनुसन्धान संस्थानमा आधारित जे-पल साउथ एसिया' ले यस क्षेत्रमा प्रमाणयुक्त नीति निर्माण अगाडि बढाएको छ । राष्ट्रिय नीति अनुसन्धान केन्द्र विभिन्न शासन र नीति मुद्दाहरूमा अनुसन्धान गर्ने थिंक ट्यांकका रूपमा छ। राज्यस्तरमा विहार नवप्रवर्तन प्रयोगशालाले स्वास्थ्य सेवा र सार्वजनिक स्वास्थ्य प्रणाली सुधारमा मद्दत गरेको छ। भारतमा इन्स्टिच्युट फर फाइनान्सियल म्यानेजमेन्ट एन्ड रिसर्च (आइएफएमआर)ले वित्तीय समावेशीकरण, सार्वजनिक स्वास्थ्य लगायत क्षेत्रमा अनुसन्धान र नीति विकासमा काम गर्छ । चीनमा नीति अनुसन्धान र सल्लाहकार निकाय छ। यो निकाय राज्य परिषदको विकास अनुसन्धान केन्द्र हो । अर्को संस्था सिन्झाउ युनिभर्सिटिज सेन्टर फर पब्लिक पोलिसीले सार्वजनिक नीति र सार्वजनिक व्यवस्थापनमा अनुसन्धान गर्छ। सांघाई संस्थानले अन्तर्राष्ट्रिय सम्बन्ध र राष्ट्रिय सुरक्षासम्बन्धी अनुसन्धानमा थिंक ट्यांक परिचालन गर्छ । चाइना इन्स्टिच्युट फर रिफर्म एन्ड डेभलपमन्ट चीनको आर्थिक र सामाजिक विकास सुधारमा काम गर्ने विशेषज्ञ संस्था हो। यसले राष्ट्रिय विकास रणनीतिहरू कार्यान्वयनका लागि नीतिगत सिफारिस गर्छ। भारत र चीनका नीति प्रयोगशालाका केही विशिष्ट चरित्रहरू देखिन्छन्। यी दुवै देशमा नागरिकबाट सरकारी नीति माग भए पनि प्रारूप निर्माण नीति प्रयोगशालामा नै हुन्छ। भारतमा नीति आयोग, नीति अनुसन्धान केन्द्र, भारतीय आर्थिक परिषद जस्ता अनेक नीति प्रयोगशालाहरू छन्। यी प्रयोगशालाहरूले विश्वविद्यालय, गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गरेका हुन्छन् । चीनमा नीति प्रयोगशालाहरू प्रायः सरकारी निकायसँग सम्बद्ध हुन्छन् । राज्य परिषदको विकास अनुसन्धान केन्द्र र विश्वविद्यालयहरूले यस्तो प्रयोगशालाका रूपमा काम गर्छन् र सरकारी एजेन्डा लागू गर्न मद्दत गर्छन्। भारतीय नीति प्रयोगशालाहरूले नीति निर्माण प्रक्रियामा नागरिकलाई समावेश गर्दै सहभागितामूलक शासनमा जोड दिने गरेका छन्। डेटा विश्लेषण, कार्यशाला, नागरिक संलग्नता र पराशर्मका आधारमा नीति विकास गरेर सरकारलाई सहयोग पुऱ्याउँछन् । चिनियाँ नीति निर्माण सामान्यतया टप-डाउन मोडलको छ। चिनियाँ नीति प्रयोगशालाहरू आर्थिक सुधार, प्राविधिक नवप्रवर्तन, सहरीकरण र वातावरणीय दिगोपनमा केन्द्रित छन्। दीर्घकालीन रणनीतिक योजना र प्रतिस्पर्धामा जोड दिन्छन्। सामाजिक र आर्थिक प्रवृत्तिहरू विश्लेषण गर्न र निर्णय लिन 'बिग डेटा' र एआई प्रयोग गर्छन्। भारत सहभागितामूलक शासनतर्फ अग्रसर छ। सार्वजनिक संस्थाहरू यसैअनुसार बनेका छन्। चीन केन्द्रीकृत शासन पद्धतिमा छ र टप-डाउन दृष्टिकोण छ। भारतीय नीति प्रयोगशालाहरूले नीति विकासको प्रक्रियामा नागरिक र सरोकारवालाहरूलाई सामेल गर्छन्। चीनमा सरकारी निर्देशन केन्द्रीय दृष्टिकोण हुन्छ। केन्द्रीकृत शासन प्रणालीका कारणले चीनमा नीति कार्यान्वयनको गति निकै तीव्र छ। भारतमा प्रक्रिया समन्वयको जटिलताका कारणले कार्यान्वयनको गति केही सुस्त देखिन्छ । नेपालमा छुट्टै नीति प्रयोगशाला छैन, कार्यमूलक संयन्त्र मात्र छ। यस्तो संयन्त्रको धेरैजसो काम प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले गर्छ जहाँ सार्वजनिक नीति चक्रका समस्या समाधानको प्रयास हुन्छ । सार्वजनिक पदाधिकारी, विशेषज्ञ र अनुसन्धाताहरूले काम सामूहिक रूपमा काम गर्छन्। नेपाल सरकारका नीतिहरूको विश्लेषण, मूल्यांकन र नागरिकको हितमा सुधारका लागि सिफारिस गर्ने काम हुन्छ। बढीजसो प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले नै नीति प्रयोगशालाका रूपमा काम गर्छ । मन्त्रालय, राष्ट्रिय योजना आयोग, कानुन आयोग, विश्वविद्यालय, थिंक ट्यांक संस्था लगायतले पनि नीति प्रयोगशालाका रूपमा काम गर्छन् । नेपालले पनि सरकारी अधिकारी, विशेषज्ञ, अनुसन्धाता, नागरिक, निजी क्षेत्र र सबै सरोकारवालाका प्रतिनिधिहरू एक ठाउँमा बसेर एकीकृत रूपमा नीति विकास गर्ने सुदृढ प्रणाली बनाउन आवश्यक छ। यसले नै नीति प्रयोगशालाको काम गर्छ । यस्तो नीति प्रयोगशालाले सरोकारवालाहरूको हितका लागि विषयगत आधारमा नवीन मोड्युल र विधिका साथ समस्याको ठोस समाधान पहिल्याएर सरकारलाई सिफारिस गर्छ। सीमान्तकृत र पिछडिएका वर्गलाई सार्वजनिक बहस र संवादको केन्द्रमा राख्छ। नीति सुधारको माध्यमबाट समस्याका उपायहरू प्रस्ताव गर्छ। नीति सुधार र परिष्कार गर्न निरन्तर काम गर्छ । नीति प्रयोगशालाले नवीन विचार, अनुभव आदानप्रदान र पृष्ठपोषणका आधारमा राम्रो नतिजाका नीम्ति प्रयास गर्छ। नागरिकमा विश्वास निर्माण गर्छ। सार्वजनिक क्षेत्र, निजी क्षेत्र र नागरिक समाजका सरोकार एकीकृत गरी नीति इकोसिस्टमा समावेश गर्छ।

नीति प्रयोगशालाका अनुसन्धाता र विद्वानहरूको टोलीले मन्त्रालय, संसद, तहगत सरकार, द्विपक्षीय र बहुपक्षीय संस्था, कूटनीतिक संस्था, विश्वविद्यालय र अनुसन्धान संस्थाहरूसँग समन्वय गरी नीति विश्लेषण गर्छ । नेपालको राष्ट्रिय विकास र समुन्नतिका लागि प्रमुख संयन्त्रका रूपमा नीति प्रयोगशाला विकास गर्नुपर्छ। सार्वजनिक नीतिमा निरन्तर सुधार र परिष्कार गरी अपेक्षित नतिजा हासिल गर्न र नीतिगत व्यवधान हटाउन नीति प्रयोगशालाले काम गर्नुपर्छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा स्थापना हुने नीति प्रयोगशालामा बिग डेटामा सञ्चालित नीति अनुसन्धान, नीति बहस र नीति तर्जुमा हुनुपर्छ। यसरी काम गर्न सुदृढ तथ्यांक प्रणाली आवश्यक पर्छ । नयाँ नीति कार्यान्वयनमा देखिएका व्यवधान हटाउन सबै प्रमुख सरोकारवालालाई एउटै टेबलमा गोलबद्ध गर्नुपर्छ। यसरी काम गर्न अन्तरतह (भर्टिकल) संयन्त्र र समान तह (होरिजेन्टल) संयन्त्र बनाउनुपर्छ । विश्वविद्यालय, विकास साझेदार, अन्तर्राष्ट्रिय संस्थाका अनुसन्धाता लगायतलाई एकै ठाउँमा ल्याएर नीति प्रयोगशालाले नवप्रवर्तन, आविष्कार, समानता अभिवृद्धि, भूमण्डलीकरण लगायत क्षेत्रमा सुधारका लागि काम गर्नुपर्छ । नीति प्रयोगशालाले नीति वा कार्यक्रम कार्यान्वयनको प्रभावकारिता र परिणामहरूको विश्लेषण गर्नुपर्छ। नीतिमा सुधार आवश्यक देखिए सरकारलाई सिफारिस गर्नुपर्छ। अवरोधहरू समाधान गर्नुपर्छ। नीति कार्यान्वयनमा सुधार गर्नुपर्ने क्षेत्र र चुनौतीहरू पहिल्याएर मार्गदर्शन गर्नुपर्छ। आर्थिक, सामाजिक र वातावरणीय नीतिका प्रभाव मूल्यांकन गर्ने काम पनि नीति प्रयोगशालामै हुन्छ। यस क्रममा परिणामहरू विश्लेषण गर्नुपर्छ। लक्ष्य कति पूरा भयो भन्ने निर्क्यौल गर्नुपर्छ र सोहीअनुसार सरकारलाई सिफारिस गर्नुपर्छ । नीति प्रयोगशाला अन्तरविषयक दृष्टिकोण हो। यसअन्तर्गत सार्वजनिक नीति, व्यवहार विज्ञान, डिजाइन, अर्थशास्त्र, स्वास्थ्य, प्रविधि लगायत अनेक क्षेत्रका विशेषज्ञहरू जम्मा हुन्छन्। आआफ्ना क्षेत्रका नीतिहरूका लाभहानिको लेखाजोखा गर्छन्, तथ्यांक संकलन र विश्लेषण गर्छन् । नीति प्रयोगशाला समस्या समाधान केन्द्रित हुन्छ। यसैअनुसार नीति विकास, परिमार्जन र परिष्कार गरी सरकारलाई सिफारिस गर्नुपर्छ। सरकारी र गैरसरकारी संस्था, निजी क्षेत्र, व्यवसायी र नागरिक लगायतका सरोकारवाला सबैको आवश्यकता पूरा हुने गरी नीति विकास गरेको पक्का गर्नुपर्छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा हुने नीति प्रयोगशालामा छुट्टै संगठनात्मक संरचना आवश्यक पर्दैन। यसमा विभिन्न अनेक मस्तिष्कहरूको योगफल रहन्छ। उच्च पदाधिकारीको संयोजकत्वमा सहजीकरण र समन्वय हुने व्यवस्था हुनुपर्छ ।

# जाजरकोटको मालुवातरा मतदान केन्द्रमा ७ जना क्रियापुत्री मतदानमा सहभागी

■ नमस्ते समचारदाता
जाजरकोट , मंसिर/१६



नलगाड नगरापालिकाको-८ मा आइतबार भएको मतदानमा सात जना क्रियापुत्रीले समेत मतदान गरेका छन् । आमा(बुबाको मृत्युपछि शोकमा परेका उनीहरुले आफ्नो उम्मेदवारलाई विजयी बनाउन नलगाड नगरपालिका-८ गणेश प्राथमिक विद्यालय मालुवातरा मतदान केन्द्रमै पुगेर मताधिकारको प्रयोग गरेका हुन् । नलगाड नगरपालिका- ८ लुपानाका बुवा हरिमान खत्रीको काजक्रियामा बसेका छोराहरु अते खत्री, गोम, खिमे, टीकाराम बालबहादुर खत्रीका पाँच भाइ आमाको काजक्रियामा बसेका मैदेका महेन्द्र सिंह, मुकुन्द सिंहसहित सात जना क्रियापुत्रीले मतदान गरेका हुन । एक भोटले पनि आफ्नो उमेदवारले हारे पछुतो लाग्ने भएकाले आमा( बुवा गुमाएको पीडा भए पनि मतदान गर्न आएको आमाको काजक्रियामा बसेका महेन्द्र सिंहले बताए । यस्तै, बिहान ७ बजेदेखि मतदान सुरु हुने भनिए पनि वडा १ मा भने करिब दुई घण्टापछि मात्रै मतादान सुरु भएको हो । नलगाड नगरपालिकाको १ मा बिहान केही समयपछि मतदान प्रक्रिया सुरु भए पनि सबै ठाउँमा शान्तिपूर्ण रुपमा मतदान भइरहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । यस्तै, उपनिर्वाचनमा आफ्नो उमेदवार लाई विजय गराउन नेता, कार्यकर्ता तथा शुभचिन्तकले मतदातालाई बिहानैदेखि मतदानस्थलमा ओसार पसार गरिरहेका थिए । त्रिभुवन माध्यमिक विद्यालय दल्लीका क र ख केन्द्र, नलगाड नगरपालिका ८, गणेश प्राथमिक विद्यालय र मालुवातरा मतदान केन्द्रमा मतदानस्थल छ। मुख्य निर्वाचन कार्यालयका सहायक अधिकृत धर्मबहादुर बुढाका अनुसार बिहान चिसोका कारण मतदाता ढिलो आएका कारण ७ बजे शुरु हुने मतदान प्रक्रिया १० बजेबाट मात्र शुरु भएको थियो । मतदान प्रक्रियालाई धाँधलीरहित बनाउन नेपाल प्रहरी सशस्त्र प्रहरी नेपाली सेनाका तिनवटै सुरक्षा निकाय परि चालन गरिएको थियो । नलगाड नगरपालिकाका उपप्रमुख सरिता सिहको गत वर्ष कात्तिक १७ गते भूकम्पम परी मृत्यु भएपछि रिक्त र हेको पदमा उपनिर्वाचन भएको हो ।

# सामुदायिक पुस्तकालयमा राज्यको लगानी शुन्य छ

■ नमस्ते समचारदाता
नेपालगञ्ज, मंसिर/१६

सामुदायिक पुस्तकालयको विकास गर्न राज्यका कुनै पनि तहका सरकारले लगानी गरेका छैनन् । पुस्तकालयको महत्वलाई सरकारले त बुझेन बुझेन, समाजले समेत सही तरिकाले बुझ्न नसकेको पाइएको छ । नेपालगन्जस्थित महेन्द्र पुस्तकालयको २४औं साधारण सभामा बोल्ने वक्ताहरूले राज्यले पुस्तकालयको व्यवस्थापन आफ्नो दायित्व भित्र नपर्ने जस्तो व्यवहार गरिएको अनुभूती भएको बताएका छन् । साधारण सभामा बोल्दै महेन्द्र पुस्तकालयका अध्यक्ष बलराम यादवले राज्यले पुस्तकालयलाई नियमित बजेटको व्यवस्था गर्नुपर्ने बताए । अहिले पहुँचका भरमा मात्रै बजेट दिने गरिएको उनले बताए । अर्कोतिर पुस्तकालयमा नागरिकहरू पनि पुस्तकालयको विकासका लागि भन्दा राजनीतिक उद्देश्यका लागि मात्रै आवद्ध हुने गलत प्रवृत्ति बढेको यादवको भनाइ थियो । राजनीतिक चिन्तक तथा विश्लेषक नरेन्द्रजंग पिटरले पुस्तकालयले समाजमा सही ज्ञानको प्रसार गरी सचेत नागरिक उत्पादनमा भूमिका खेल्नुपर्ने बताए । लुम्बिनी प्राविधिक विश्वविद्यालयका सेवा आयोगका सदस्य प्रा.डा. कृष्णप्रसाद घिमिरेले समाजले पुस्तकालयबाट लिन सक्ने ज्ञान लिनबाट चुकिरहेकोमा चिन्ता व्यक्त गरे । लुम्बिनी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री आदेशकुमार अग्रवालले प्रदेश सरकारका तर्फबाट पुस्तकालयको विकासका लागि निभाउनुपर्ने भूमिकाका लागि पहल गर्ने प्रतिवद्धता जनाए । अग्रवालले महेन्द्र पुस्तकालयका लागि १० लाख रुपैयाँ छुट्याइएको र त्यसलाई पुस्तकालयको आवश्यकता अनुसार खर्च गर्न पाउनेगरी व्यवस्था मिलाउने बताए । उनले महेन्द्र पुस्तकालय नेपालगन्जको ऐतिहासिक धरोहर भएकाले यसको जगेर्ना र सदुपयोगका लागि समाज जिम्मेवार हुनुपर्ने सुझाव समेत दिए । साधारणसभाबाट सचिवको र कोषाध्यक्ष दुवैले प्रस्तुत गरेका प्रतिवेदन पारित भएका छन् ।


## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

सोरु गाउँपालिका
मुगु


हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर बाजुरा

**करार पदपूर्तिका लागि परिक्षा तोकिएको सम्बन्धि सूचना**

सुचना प्रकाशित मिति २०८१/०८/१४

हिमाली गाउँपालिका कार्यालयको लागि हे.अ., अ.हे.व., अ.न.मि., मलेरिया कार्यक्रता , चालक र का.स पदका लागि खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्ति गर्ने प्रयोजनका लागि मिति २०८१/०६ /२१ गतेको प्रकाशित बिज्ञापन अनुसार म्याद भित्र आवेदन फारम बुझाउने उम्मेदवारहरुको परिक्षा मिति तपसिल बमोजिम संचालन हुने भएकोले आवश्यक कागजात सहित परिक्षामा सामेल हुन सम्बन्धित सबैको लागि जानकारी गरिन्छ ।

तपसिल :

| क्र.सं. | बिज्ञापन नम्बर | पद र तह | परीक्षाको किसिम | परिक्षा मिति | समय |
|---|---|---|---|---|---|
| १ | १ -२०८१-०८२ | हे .अ ., पाँचौ | लिखित | २०८१/०८/२३ | बिहान ०८ :०० बजे |
| २ | २ -२०८१-०८२ | अ.हे.व. , चौथो | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |
| ३ | ३ -२०८१-०८२ | अ.न.मि.,चौथो | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |
| ४ | ४ -२०८१-०८२ | का.स. | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |
| ५ | ५ -२०८१-०८२ | हल्का सवारी चालक | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |
| ६ | ६ -२०८१-०८२ | ग्रामिण मलेरिया कार्यक्रता | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |

परिक्षा हुने स्थान : हिमाली गाउँपालिकाको कार्यालय धुलाचौर बाजुरा

पुनश्च : परिक्षामा उम्मेदवारहरुले आफ्नो सक्कल कागजात र प्रवेश पत्र साथमा लिई उपस्थिति हुनुपर्ने छ ।

थप जानकारीको लागि सम्पर्क नं. ९८५६०७७५२३

नि प्रमुख प्रशासकीय अधिकृत


नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार



रंगिन टिभी एकजनालाई



१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४८४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

नेपालीहरुको महान पर्व विजया दशमी शुभ दिपावली तथा छठ पर्व २०७१ सालको पावन अवसरमा सम्पूर्ण नगरपालिका बासी कर्मचारी, बुद्धिजिवि, राजनितिकर्मी, पेशा व्यावसायकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण देशबासीहरुमा सुख, शान्तीका साथै उत्तरोत्तर प्रगतिका लागी हार्दीक शुभकामना व्यक्त गर्दछौं ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके, लुम्बिनी प्रदेश, नेपाल

# वन्यजन्तु प्रभावितहरुले पाउने क्षतिपूर्तिका झनझटिलो प्रक्रिया

■ नमस्ते समचारदाता
बर्दिया, मंसिर/१६




वन्यजन्तु प्रभावितहरुका लागि प्रदान गरिने क्षतिपूर्तिको प्रकृया सरल र छरितो नभएको गुनासो प्रभावित क्षेत्रका स्थानीयहरुले गरेका छन् । समुदायका लागि सञ्चार अभियान नेपाल (सीसीएन)ले बर्दियाको मधुवन नगरपालिका वडा नं. २ खैरेनीमा आयोजना गरेको 'वातावणीय न्याय र जवाफदेहिताका लागि गोलघर सम्वाद'का सहभागीहरुले यस्तो गुनासो गरेका हुन् । युएसएआइडी/द एसिया फाउण्डेशनद्धारा संचालित 'नागरिक समाज र मिडिया' परियोजनाको साझेदारीमा संचालित 'वातावरणीय न्याय र जवाफदेहिताका लागि सिमान्तकृत समुदायको सबलीकरण अभियान' अन्तर्गत सम्बाद गरिएको सीसीएनले जनाएको छ । खैरेनीमा विशेष गरी बाँदर, बाघ र हात्तीको आतंक रहेको सहभागीहरुले बताएका थिए । बाँदरले लगाएको तरकारी बाली, सुकाएको अन्नबाली चोरेर खाइदिने गरेको र बाघले जंगलमा बाख्रा चराउन जाँदा र खोर भित्रैका बाख्रा र सुँगुर खाइदिने गरेको गंगापुटुवा सामुदायिक वन उपभोक्ता समितिका सदस्य मीना थारुले बताइन । हात्तीहरुले बेलाबेला आएर घर भत्काइदिने र अन्नबाली खाइदिने गरेको समेत उनको गुनासो थियो । यस्तै, सहभागीहरुले वनजंगल सडकको छेउमा उज्यालो नहुँदा बाघ, चितुवा लागयतका वन्यजन्तुले आकस्मिक हमला गर्न सक्ने सम्भावना रहेकाले स्थानीय सरकारले सडक बत्ती जडान गर्दा सहज हुने धारणा राखेका थिए । वन्यजन्तु पीडितहरुले पाउनुपर्ने रहत झन्झटिलो भएको गंगापुटुवा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष ढिकराम थारुले बताए । थारुले भने, 'गाउँघरका सुँगुर बाख्रा बाघले मारिदिएको सिफारिस खाता सामुदायिक वन समन्वय समितिमा पठाएको भएतापनि पीडितहरुले अझैसम्म राहत पाएका छैनन् ।' गोलघर सम्वादको सहजीकरण गर्दै विषय विज्ञ रमेश थापाले वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० मा व्यवस्था भएको राहत पाउने प्रक्रिया, र हतको रकम, राहत प्राप्त गर्नका लागि पुऱ्याउनुपर्ने प्रक्रिया र बीमा सुविधा लिने प्रक्रिया लगायतका विषयमा सहभागीहरुलाई जानकारी गराएका थिए ।गोलघर सम्वादले मानव(वन्यजन्तु द्वन्दबाट प्रभावित समुदायका समस्या र सामाजिक(आर्थिक प्रभावहरुको पहिचान गर्दै समाधानका उपायहरु साझा गर्ने, समुदायलाई अधिकार , जिम्मेवारी, र वकालतका माध्यमबारे सचेत गराउँदै उनीहरुको क्षमता अभिवृद्धि गर्ने तथा सम्वादबाट प्राप्त विचार र सुझावहरुलाई दस्तावेजीकरण गरी सम्बन्धित निकायहरुसम्म पुऱ्याउने उद्देश्य राखेको छ । गोलघर सम्वाद कार्यक्रममा वन्यजन्तु प्रभावित स्थानीय, सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधि, बडघर, किशोरी क्लबका प्रतिनिधि लगायत झण्डै ५० जनाको सहभागिता थियो । सम्बादको उद्देश्य बारे प्रकाश पार्दै सीसीएनका कार्यकारी निर्देशक तुला अधिकारीले पहिलो चरणमा विभिन्न सम्बाद कार्यक्रम मार्फत् वातावरणीय न्यायका सवालमा सचेतनामुलक अभियान चलाइने र दोस्रो चरणमा सरोकारवाला र प्रभावितहरु वीच सहजीकरण गरी समस्याको समाधान तथा नीतिगत सुधारका लागि पैरवी गरिने बताए छन् । सीसीएनका अनुसार सम्वाद कार्यक्रमहरुको अडियो भिजुअल कार्यक्रम तयार गरी स्थानीय रेडियो र मल्टिमिडिया माध्यम मार्फत् प्रसारण गरिने छ । यो अभियान बाँकेको राप्ती सोनारी गाउँपालिका वडा नं. २ मा समेत सञ्चालित रहेको सीसीएनले जनाएको छ ।

# नक्कली मह बिक्रेता पक्राउ



■ नमस्ते समचारदाता
धनगढी, मंसिर/१६

गाउँ(गाउँ घुमेर मह बेच्ने १३ जना कैलालीमा पक्राउ परेका छन् । प्रहरी उनीहरूलाइ बसपार्क नजिकैको आँधीखोला होटेल र न्यु मङ्गलासैनी होटेलबाट पक्राउ गरेको हो । उनीहरूको साथबाट पाँच क्विन्टल भन्दा बढी मह बरामद गरेको छ । मह बिक्रेताहरूले मरेका मौरी, मौरीको चाका र मह अलग(अलग भाँडामा राखेको अवस्थामा फेला परेका छन् । मरेका मौरी र सुकेको चाका अलग(अलग बाल्टीमा र मह प्लास्टिकका झोलामा राखेको पाइएको छ । उनीहरूले बिक्री गर्न लैजाँदा मह, महको चाका र मरेका मौरी एउटै भाँडोमा मिसाएर लैजाने गरेका छन् । महका चाकाहरू गुटका खाएर थुकेको बाल्टीमा पनि राखिएको भेटिएको छ । कोठा भाडामा लिएर मह बिक्रेता बसेका होटेलमा प्रहरीले खानतलासी सुरु गरेपछि केही जना भागेका प्रत्यक्षदर्शीले बताएका छन् । वर्षेनी यो सिजनमा नक्कली महको बिगबिगी हुने भएकाले मौरी पालक किसानहरूले गरेको निगरानीका आधारमा उनीहरू पक्राउ परेका हुन् । मंसीर १५ गते मह बेच्दै लम्कीचुहा नगरपालिका पुगेका विक्रेतालाई पछ्याउँदै गर्दा टीकापुर बसपार्कमा ठुलो मात्रामा नक्कली मह राखेको फेला पारेपछि प्रहरीलाई जानकारी गराइएको मौरी पालक किसान प्रदीप न्यौपानेले बताए । इलाका प्रहरी कार्यालय टीकापुरका प्रमुख प्रहरी नायब उपरीक्षक नवीन राजा बुढाथोकीले मह बिक्रीमा संलग्न १३ जनालाई पक्राउ गरी उनीहरूको साथमा रहेको मह पनि बरामद गरी परिमाण यकिन गर्ने लागिएको र जिल्ला प्रशासन कार्यालयको निर्देशन अनुसार कारबाही अघि बढाउने बताए ।



हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर बाजुरा

करार पदपूर्तिका लागि परिक्षा तोकिएको सम्वन्धि सूचना

सूचना प्रकाशित मिति २०८१/०८/१४

हिमाली गाउँपालिका कार्यालयको लागि १ (एक) जना सिभिल इन्जिनियर खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्ति गर्ने प्रयोजनका लागि मिति २०८१/०७/२१ गतेको बिज्ञापन नं. १/२०८१-०८२/सी.इन्जीनियर अनुसार म्याद भित्र आवेदन फारम बुझाउने उम्मेदवारहरुको परिक्षा मिति तपसिल बमोजिम संचालन हुने भएकोले आवश्यक कागजात सहित परिक्षामा सामेल हुन सम्वन्धित सबैको लागि जानकारी गरिन्छ ।

तपसिल :

| क्र. सं. | बिज्ञापन नम्बर | पद र तह | सेवा /समुह | आवाश्यक शैक्षिक योग्यता | परीक्षाको किसिम | परिक्षा मिति , समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | १/२०८१-०८२/ सि. इन्जिनियर | सिभिल इन्जिनियर , छैटौं | इन्जिनियरिङ /सिभिल /कारार | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियर विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | अन्तर्वार्ता र फायल अध्ययन | मिति: २०८१/०८/२२ समय: बिहान १०:०० बजे स्थान : हिमाली गाउँपालिकाको कार्यालय धुलाचौर बाजुरा |

पुनश्च : अन्तर्वार्ता परिक्षामा उम्मेदवारहरुले आफ्नो सक्कल कागजात र प्रवेश पत्र साथमा लिई उपस्थिति हुनुपर्ने छ।

थप जानकारीको लागि सम्पर्क नं. ९८५६०७७५२३


नि प्रमुख प्रशासकीय अधिकृत

# निकुञ्जमा हुने अपराध नियन्त्रणका लागि अन्तरक्रिया

■ नमस्ते समचारदाता
मुगु, मंसिर/१६



रारा राष्ट्रिय निकुञ्जले जिल्लामा कार्यरत क्रियाशील पत्रकार हरूसँग एकदिने अन्तरक्रिया कार्यक्रमआयोजना गरेको छ । रारा राष्ट्रिय निकुञ्जमा हुने विभिन्न आपराधिक गतिविधिमा कमिल्याई राष्ट्रिय निकुन्जको प्राकृतिक वातावरणलाई सुन्दर र हराभरा बनाउन सहयोग पुऱ्याउने उद्देश्यसाथ एक दिने अन्तरक्रिया कार्यक्रमको आयोजना गरि एकाबताइएको छ । निकुन्ज र सुरक्षाकर्मीको आँखा छली हुने चोरी शिकार,जडीबुटी संकलन लगायत खुल्ला चरिचरन,काठ, दाउरा लगायत निकुञ्जमा हुने विभिन्न कानूनले बन्देज गरेका गतिविधितर्फ निकुञ्जको ध्यानाकर्षण भएको र निकुञ्जको प्राकृतिक तथा जैविक वातावरणलाई जोगाउन कडाइ साथ अनुगमन र संरक्षणमा आफूहरू जुटेको रारा राष्ट्रिय निकुञ्ज कार्यालयका वरिष्ट संरक्षण अधिकृत महेश न्यौपानेले बताएका छन् । संरक्षण अधिकृत नौपानेले जैविक विविधताको संरक्षणमा आइरहेका चुनौतीहरू बारे जानकारी गराउँदै चोरी सिकारीको समस्या अझै विद्यमान रहेको बताए । उनले चोरी सिकारी नियन्त्रणका लागि स्थानीय रारा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रका बासिन्दा, समुदाय, सुरक्षाकर्मी, र पत्रकारहरूको सहकार्य अनिवार्य रहेको उल्लेख गरेका थिए। हनुमान ध्वज गुल्मका गुल्मपति वसन्तनाथ योगीले निकुञ्ज क्षेत्रमा सुरक्षा व्यवस्था कडा गरिएको जानकारी गराउँदै वन्यजन्तुहरूको सुरक्षामा विशेष ध्यान दिइएको बताए । नेपाल पत्रकार महासंघ मुगुका अध्यक्ष नृपेन्द्र बहादुर मल्लले संरक्षणका प्रयासमा सञ्चारकर्मीको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे । नेपाल पत्रकार महासंघ मुगुका संस्थापक अध्यक्ष विनोद कुमार मल्लले पर्यटन प्रवर्द्धनमा संरक्षणको भूमिकाबारे आफ्नो धारणा राख्दै पछिल्लो समय पर्यटक आगमनमा गिरावट आएको प्रति चिन्ता व्यक्त गरे । उनले निकुञ्जको जैविक विविधता र प्राकृतिक सुन्दरताको सही संरक्षण भएमा पर्यटकको आकर्षण पुनः बढ्ने विश्वास व्यक्त गरे । कार्यक्रममा चोरी सिकार नियन्त्रण, पर्यावरणीय सुरक्षा, र पर्यटक आकर्षणका विभिन्न पहलबारे छलफल गरिएको थियो। सहभागी सञ्चारकर्मीहरूले निकुञ्जभित्र हुने अवैध गतिविधि रोक्न सुरक्षा सतर्कता र सामुदायिक सहभागिता अझ बढाउन आवश्यक रहेको निष्कर्ष निकालिएका थिए ।



हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर बाजुरा

करार पदपूर्तिका लागि परिक्षा तोकिएको सम्वन्धि सूचना

सूचना प्रकाशित मिति २०८१/०८/१४

हिमाली गाउँपालिका कार्यालयको लागि १ (एक) कृषि स्नातक /कृषि बिज्ञ खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्ति गर्ने प्रयोजनका लागि मिति २०८१/०७/११ गतेको बिज्ञापन नं. कृषि /२०८१-०८२-०१ अनुसार म्याद भित्र आवेदन फारम बुझाउने उम्मेदवारहरुको परिक्षा मिति तपसिल बमोजिम संचालन हुने भएकोले आवश्यक कागजात सहित परिक्षामा सामेल हुन सम्वन्धित सबैको लागि जानकारी गरिन्छ ।

तपसिल :

| क्र.सं. | बिज्ञापन नम्बर | पद र तह सेवा /समुह | आवाश्यक शैक्षिक योग्यता | परीक्षाको किसिम | परिक्षा मिति , समय र स्थान |
|---|---|---|---|---|---|
| १ | कृषि /२०८१-०८२-०१ | कृषि स्नातक /कृषि बिज्ञ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। | अन्तर्वार्ता र फायल अध्ययन | मिति: २०८१/०८/२२ समय: दिउसो ०१:०० बजे स्थान : हिमाली गाउँपालिकाको कार्यालय धुलाचौर बाजुरा |

पुनश्च : अन्तर्वार्ता परिक्षामा उम्मेदवारहरुले आफ्नो सक्कल कागजात र प्रवेश पत्र साथमा लिई उपस्थिति हुनुपर्ने छ।

थप जानकारीको लागि सम्पर्क नं. ९८५६०७७५२३

नि प्रमुख प्रशासकीय अधिकृत

नेपालीहरुको महान पर्व विजया दशमी शुभ दिपावली तथा छठ पर्व २०७१ सालको पावन अवसरमा सम्पूर्ण गाउँपालिका बासी कर्मचारी, बुद्धिजिवि, राजनितिकर्मी, पेशा व्यावसायकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण देशबासीहरुमा सुख, शान्तीका साथै उत्तरोत्तर प्रगतिका लागी हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सिमकोट गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला, कर्णाली प्रदेश, नेपाल

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M*$&@^()# OdhMnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके